# वातावरण सुधारमा चरन तथा घाँसे बालीको महत्व

श्री नाथु प्रसाद चौधरी
श्री प्रकाश चन्द्र तारा

## १. परिचय

मानव जीवनको लागी स्व्च्छ वातवारण नभई नहुने कुरा हो । वातावरण संरक्षणका कठिनाईहरुलाई हटाई स्वच्छ वातावरण कायम राख्न घाँस खेती तथा चरन विकास कार्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ । कुनै पनि ठाउँको वातावरण स्वच्छ राख्नका लागी सो ठाउँको ४७ प्रतिशत भू-भाग वन जंगलले ढाकेको हुनु पर्दछ । नेपालमा ३० वर्ष पहिले ५३.५ प्रतिशत क्षेत्रफल वन जङल ढाकेकोमा हाल ३६ प्रतिशत भू-भाग मात्र जंगलले ओगटेको छ । चुरे र भावर क्षेत्रको वनजंगल तीव्रगतिले नास भैरहकोले त्यस क्षेत्रको वातावारण अन्य क्षेत्रको भन्दा बढी असन्तुलित भै रहेको छ । यसर्थ सन्तुलित वातावरण कायम गर्न तीव्ररुपमा कृषकहरुले घाँसखेती र डाले घाँसका विरुवा वृक्षारोपण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

देशको कतिपय क्षेत्रहरुमा अनियन्त्रित बसोबास, गलत कृषि प्रणाली, जंगल फडानी, अव्यवस्थित चरन, अत्याधिक पशुचाप आदिको प्रकोपवाट जमिनको सतहको माटो नोक्सानी भई भू-क्षय, बाढी र पहिरोको प्रकोप बढी वातवारणमा नै असन्तुलन पैदा हुने खतरा बढेको देखिन्छ ।

चरन विकास तथा घाँस खेतीवाट पशुहरुलाई पोसिलो घाँस प्राप्त भई उत्पादन लागत कम हुनाको साथ साथै वातावरण सन्तुलनमा सकारात्मक प्रभाव पर्ने हुनाले घाँसखेती र चरन विकासलाई प्रभावकारी र तीव्रगतिमा संचालन गर्नु पर्ने हुन्छ ।

## २. वातावरण सुधारमा घाँस विकासको भूमिका

वनस्पति र पर्यावरण बीच एक अपासमा असाध्यै नजिकैको सम्वन्ध रहेको हुन्छ । हराभरा स्थिति विना स्वच्छ वातावरणको कल्पना पनि गर्न सकिदैन । स्वच्छ तथा सन्तुलित वातावरणको सृजना गर्न वन तथा घाँसखेती साथै डालेघाँस विकासको महत्वपूर्ण भूमिका रहन्छ ।

### २.१ भू-क्षय रोकावट

देशको वातावरणमा असन्तुलन पैदा भएपछि विभिन्न प्रकारका विपत्तीहरु पैदा हुन्छन् । ठूलो मात्रामा भू-क्षय हुनु पनि एउटा विपत्ती हो । एउटा सानो खहरे खोलाले त हजारौ टन उर्वरा मलिलो माटो बंगालको खाडीतिर लैजानमा मद्दत गर्दछ भने अन्य ठूला ठूला नदीहरुले के कति परिमाणमा देशको कृषियोग्य भूमिलाई बगर बनाईरहेका होलान हामी सहजै अनुमान लगाउन सक्दछौ । गलत तरिकाको कृषि प्रणाली, अनियन्त्रित बसोबास र लापरवाही ढंगको हरियाली विनासले गर्दा दिनप्रतिदिन पहिरो र बाढीको प्रकोपबाट मलिलो माटो नोक्सान भइरहेको छ । यसर्थ भू-क्षय रोक्नको लागी घाँस खेती तथा चरन बिकासको टड्कारो आवश्यकता छ । बाक्लो घाँस खेती तथा चरन विकासले अन्य बाली जस्तै मकै वा भटमास खेतीले भन्दा बढी माटो स्थिर गराउने निष्कर्ष अमेरीकन वैज्ञानिकहरुले गरेका छन् । जस अनुसार हरियो चरनले ९३ प्रतिशत माटोलाई बग्नबाट कम गरेको तथ्यांक देखिन्छ ।

त्यस्तै डालेघाँसको Live fencing ले हुरी वा आँधीवहेरीवाट हुने भू-क्षय कम गराउँछ ।

### २.२ नाइट्रोजन स्थिरिकरण र रि-साइक्लिङ

विभिन्न कोशेजातका वनस्पतीहरुले हावामा भएको नाइट्रोजन लिई जरामा पोको पारेर (Nodulation) स्थिर गर्ने कुरा सबैलाई थाहा भएकै हो । यसरी जरामा स्थिर भएको नाइट्रोजनलाई अन्य रुखविरुवा र घाँसले लिई राम्रो उत्पादन दिन सक्दछन् । यसरी स्थिर गरेको नाइट्रोजन अन्य घाँसले लिएपछि उक्त घाँस जनावरले खान्छ र केही तत्व जनावरको शरीरमा रही धैरै जसो गोवर र पिसाववाट पुन: घाँस मैदानमा फर्किन्छ । इयान भ्यालिस (१९८५) को अनुसार जनावरले घाँसको माध्यमवाट लिएको नाइट्रोजन मध्ये ८७-९६ प्रतिशत पुन: जमिनमा फर्किन्छ । यसरी जमिनमा फिर्ता भएको नाइट्रोजन माटोको जैविक पदार्थ (Soil orgnic matter) को रुपमा फेरी त्यहा भएको रुखविरुवा र घाँसहरुले लिन्छन र पुन: सोही परिक्रमा शुरु हुन्छ । यस किसिमको चक्र प्रक्रियाले रुख, विरुवा, घाँसहरु राम्रोसंग बढ्ने र बढी हरियो रहने हुँदा वातावरण समेत स्वस्थ हुन जान्छ ।

### २.३ पृथ्वीको तातोपन घटाउने

हामी सबैलाई थाहा भएकै कुरा हो कि रुखहरुले हावामा भएको कार्वनडाइअक्साइड तान्छ र कार्वनको रुपमा जरामा भण्डार गर्दछ जसले गर्दा विश्वव्यापी रुपमा बढ्दै गएको उष्णतालाई कम गर्दछ (Slowing the rate of global warming) तर डुक युनिभरसीटीको (Duck University) नयाँ अध्ययन अनुसार गर्मी हावापानी भएका देशहरुमा कार्वन भण्डार गरेर तातो बढी हुनवाट जोगाउने उपायमा धेरै रुख रोप्नु भन्दा हरियो चरन मैदानको विकास गर्नु नै बढी उपयुक्त हुन्छ । अध्ययनकर्ता रोवर्ट ज्याक्सन भन्दछन् कि रुखहरुले बढी कार्वन भण्डार गर्दछन् भन्ने कुरा गलत विश्लेषण हो । जबकी घाँसले रुखले भन्दा बढी कार्वन भण्डार गर्दछ । यसर्थ पृथ्वीको तातोपना घटाउन घाँसको महत्वपूर्ण भूमिका रहन्छ । साथै हरियो चरन क्षेत्रमा ठिक्क चरिचरन (Moderate Intensity grazing) गर्नाले जैविक विविधता समेलाई संरक्षण गर्न मद्दत पुऱ्याउँछ ।

## ३. घाँस खेती र वातावरण सुधारमा कवुलियती वन तथा पशु विकास कार्यक्रमको भूमिका:

वन ऐन २०४९ को परिच्छेद ६ तथा वन नियमावली, २०५१ को परिच्छेद ५ अनुसार कवुलियती वन प्रदान गर्ने सम्वन्धमा कानूनी प्रकृयाहरु व्यवस्था भएको छ । दीर्घकालिन कृषि योजनाले लिएको लक्ष्यहरु, खास गरी

कृषिजन्य उतपादनको बृद्धि र पशु विकासमा गरिवीको रेखामुनी रहेका समूहरुको लागि संचालित कवुलियती वन कार्यक्रमले निकै योगदान गर्न सकेको स्पष्ट छ । हाम्रो देशका कृषकहरुसंग जग्गाको कमी भएकोले घाँस खेतीको लागि थप जग्गा उपलव्ध हुनु आवश्यक छ । यस कार्यको लागि कवुलियती वन असाध्यै उपयोगी हुन आएको छ ।

कवुलियती वन तथा पशु विकास कार्यक्रमले गरिवीको रेखामुनी रहेका किसानहरुको समूह बनाई उक्त समूहलाई राष्ट्रिय वनको केही भाग (हैसियत बिग्रेको वन क्षेत्र) ४० वर्षको लागि कवुलियती वनको रुपमा हस्तान्तरण गरिन्छ । यसरी सुम्पिएको वनको ३२ प्रतिशत क्षेत्रफलमा घाँस खेती गर्नुपर्ने हुन्छ । कवुलियती वनमा गुणस्तरीय घाँसको उत्पादन गर्न तीनका प्रकारका सेवाहरु: वीउ, वेर्ना र कवुलियती वन कृषक समूहलाई उपलव्ध गराईन्छ ।

१) कोसे वालीको बीउ मुख्य गरी स्टाईलो: २० प्रतिशत कवुलियती वन क्षेत्रमा स्टाइलो घाँस खेती गर्नुपर्ने हुन्छ ।

२) मोलासेस र अन्य घाँसको बीउ: १० प्रतिशत कवुलियती वन क्षेत्रमा यस किसिमको घाँसको खेती गर्नु पर्ने हुन्छ ।

३) नेपियर/अमृसो: २ प्रतिशत कवुलियती वन क्षेत्र ढाक्ने गरी यो घाँसको कटिङ्ग स्लीप उपलव्ध हुनेछन्

## ४. निष्कर्ष

- मानिसको जीवनको लागी स्वच्छ वातावरण नभई नहुने कुरा हो ।
- यसरी नै मानिसको भोजनको लागी पशुहरु पनि अनिवार्य छन् ।
- पशुहरुको लागी पोषिलो र हरीयो घाँस वा चरन क्षेत्र अपरिहार्य छ ।
- घाँस खेती र चरन बिकासवाट पशुहरुलाई पोषणयुक्त हरियो घाँस साथै वातावरणमा समेत राम्रो प्रभाव पार्ने हुनाले यसको विकासको अति महत्व छ ।
- हरियो चरन क्षेत्रको विकासले वातावरण सन्तुलन कायम राख्न भू-क्षय कम गर्न र पृथ्वी तात्नवाट जोगाउन (Reduce Global warming) मा महत्वपूर्ण भूमिका निभाउँछ ।

*(श्री चौधरी प्रमुख पशु बिकास अधिकृत र श्री तारा बरिष्ठ पशु बिकास अधिकृत पदमा, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा कार्यरत हुनुहुन्छ)*

**प्रकाशक तथा मूद्रण:**
नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
**कृषि सूचना तथा संचार केन्द्र,**
**हरिहरभवन, ललितपुर**
फोन: ५५२५६१७, ५५२२२४८
फ्याक्स: ५५२२२५८
Emailm agroinfo@wlink.com.np
www.aicc.gov.np

विश्व वातावरण दिवस र विश्व जनसंख्या दिवस २००६ को उपलक्ष्यमा प्रकाशित

यस वर्षको नारा:

**मरुभूमि तथा मरुभूमिकरण: सुक्खा भूमि नबनाऔं मरुभूमि (Desert and Desertification: Don't Desert Dry lands!)**

# वातावरण सुधारमा चरन तथा घाँसे बालीको महत्व

## वतावरण संरक्षणमा कबुलियति वनले पुर्‍याएको योगदानको तुलनात्मक अबस्था:



मकवानपुर जिल्लाको पदमपोखरी क्षेत्रमा कबुलियति वनको रुपमा गरिबीको रेखामुनी रहेका कृषक समूहलाई हस्तान्त्रण गर्नु अगाडिको अबस्था ।



सोही क्षेत्र कबुलियति वनको रुपमा कृषक समूहलाई हस्तान्त्रण गरेको ७ वर्षपछिको अबस्था ।

कृषि सूचना तथा संचार केन्द्र